# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

आपूर्ति मन्त्रालयका सचिव श्री सन्तबहादुर राई पेट्रोलियम पदार्थसम्बन्धी विषयमा संझौता गर्न कुवेत र अबुधावीतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभए-सम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री हरिमोहनप्रसाद श्रेष्ठलाई मिति २०४१।११।१३ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
भोगेन्द्रनाथ रिमाल
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४१।६।२१ को निर्णयानुसार श्री सुमनकुमार श्रेष्ठलाई नेपाल इञ्जिनीयरिङ्ग सेवा, सिभिल समूह, ट्रान्सपोर्टेशन उप-समूहको राजपत्राङ्कित तृतीय श्रेणी प्राविधिक पदमा १ वर्षको परीक्षणकालमा रहने गरी नियुक्ति गरी पदसङ्केत नि।या।हा।वि।०७।१५० को हवाई विभागको राजपत्राङ्कित तृतीय श्रेणीको पदमा पदस्थापन गरेको छ ।

### सूचना २

श्री ५ को सरकारले मिति २०४१।६।२८ को निर्णयानुसार नेपाल इञ्जिनीयरिङ्ग सेवा, सिभिल समूह, विल्डिङ्ग एण्ड आर्किटेक्ट उप-समूह, राजपत्राङ्कित तृतीय श्रेणीको प्राविधिक अधिकृत डा. श्री जीवगर जोशीलाई सोही सेवा, समूह उप-समूहको राजपत्राङ्कित द्वितीय श्रेणीमा निर्णय भएकै मितिदेखि कायम हुने गरी बढुवा गरी सिनियर इञ्जिनीयर पदसङ्केत नि।या।भौ।प।वि।०८।३ आवास भवन तथा भौतिक परियोजना विभागमा पदस्थापन गरेको छ ।

६०८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।